संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित
# मुलुकी
राष्ट्रिय दैनिक
खबर
माझखर्क साप्ताहिकको सह-प्रकाशन

## होटल बिक्रिमा




गाइघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला ।
सम्पर्क -९८४२९९४३३०

■ बर्ष-१५, ▶▶ अंक ३९० भदौ २ बुधबार,२०७८, August– 18 Wednesday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

# त्रियुगा नगरपालिकाका घरवाला र व्यवसायी अनुसन्धानमा तानिदै

❖ बुद्धि कुमार राई

*त्रियुगा, भदौ १*

उदयपुर जिल्लाको सदरमुकाम नगरपालिकाको गाईघाट बजारमा व्यापारीहरुले घरभाडा करमा हजारौ छली गरेको पाईएका छ ।

गाईघाट बजारको मुख्य चोक आसपासमा २० हजार सम्म प्रति सटरको भाडा व्यापारीहरुले घरपेटिलाई तिरिरहेको पाइएको छ । तर ति घरवाला र व्यापारीले भने घर भाडा दर एक हजारदेखि दुई हजारको सहमति कागज बनाएर कर तिर्ने गरेको नगरपालिकाले जनाएको छ। त्रियुगा नगरपालिका राजस्व शाखाका प्रमुख गुरु प्रशाद ढकालका अनुसार हाल त्रियुगा नगरपालिकामा व्यापार गर्ने व्यापारीहरुले आफै घर बाहाल कर तिर्नुपर्ने बाध्यता रहेको छ । नितीमा भने करवालाहरुले घर बाहाल कर तिर्नुपर्ने व्याबस्था भएपनि घरवालाहरुले व्यावसायीहरुलाई नै तिर्न बाध्य पार्ने गरेका छन्। गाईघाट बजारमा व्यापार - ***बाँकी ३ पेजमा***


गुरु ढकाल


बिर बहादुर दनुवार
खग कुमारी कटेल

# त्रियुगा उद्योग बाणिज्य संघ नेतृत्वबिहीन

❖ मुलुकी संवाददाता

*गाईघाट, भदौ १*

त्रियुगा उद्योग बाणिज्य संघ उदयपुरको कार्यसमिति पदाधिकारी सदस्यको साउन ३२ गतेदेखि कार्यकाल समाप्त भएको छ। २०७३ साल असार १८ गते ३ बर्षका- ***बाँकी ३ पेजमा***



## मुलुकी दैनिक को पाठकहरुको लागि जरुरी सुचना

मुलुकी दैनिक पत्रिकाको पाठकहरुको लागि अत्यन्तै जरुरी सुचना । तपाईहरुले २०७८ साल बैशाख ८ गतेदेखिको पत्रिकाको ग्राहक शुल्क पैसा तिर्न बाँकी रहेकोले ९८४२९८५१८८ मा सम्पर्क गरिदिनुहोला ।

# क्रिशला हत्याबारे बुझ्न आदिबासी जनजाति आयोग अध्यक्ष उदयपुरमा

❖ बेद कुमारी राई

*गाईघाट, भदौ १*

२२ दिनअघि बेपत्ता भएर मृत भेटिएकी किशोरी कृशला चौधरीको हत्याबारे सत्यतथ्य बुझ्न नेपाल आदिबासी जनजाति आयोगको टोली उदयपुर आएको छ । साउन १३ गतेदेखि बेपत्ता भई १९ गते जंगलबीच खोला किनारमा सडिसकेको अवस्थामा भेटिएकी त्रियुगा नगरपालिका ६ मोहनपुरकी १६ वर्षीया कृशलाको हत्याबारे बुझ्न आयोगको टोली अघिल्लो दिन यहाँ आएको हो ।

अध्यक्ष रामबहादुर थापा मगर स्वयं टोलीको नेतृत्व गर्दै घट्नास्थलको अवलोकन भ्रमण गरेका छन् । सोमबार दिउँसो उनीसहितको आयोग टोली मोहनपुरस्थित मृतकको घर पुगेर बाबु प्रेमकुमार चौधरी, आमा, छिमेकी र गाउँलेसँग भेटघाट गर ी घट्नाबारे जानकारी लिएको बुझिएको छ । शव गाडिएको सोही वडाको राजदेवी सामुदायिक वन उपभोक्ता समूहको वनक्षेत्रसम्म पुगेका अध्यक्ष मगर ले पत्रकार र अधिकारकर्मीसँग पनि सोमबार साँझदेखि नै भेटघाट गरेर कुराकानी गरेका छन् ।

मंगलबार पनि विहानैदेखि अध्यक्ष मगरले सर ोकारवाला निकायका प्रमुख, अधिकारकर्मी, प्रहरी, प्रशासन र स्थानीयबासीसँग घट्नाबारे बुझ्ने प्रयास गरेको टोलीले जनाएको छ। घट्ना घटेको निकै दिनपछि मात्र अपराधी पत्ता लागेको, घट्ना रहस्यमयी रहेको तथा ढिलो अनुसन्धान भएको भन्दै पीडित आफन्त, स्थानीयबासी र अधिकार कर्मीले चौतर्फी गुनासो गरेकोमा आयोगको ध्यानाकर्षण भएको उनले बताए । आफु घट्नाबारे सत्यतथ्य बुझ्न टोली लिएर आएको बताउँदै मगरले वास्तविक अपराधी पत्ता लगाएर कानुन बमोजिम कारबाही गर्न प्रशासन र प्रहरीलाई आग्रह गरेको बताए ।

पत्रकारसँगको भेटमा अध्यक्ष मगरले कृशलाको हत्या निर्ममतापूर्वक भएको भन्ने सुन्नमा आएको भन्दै यस्तो अवस्था आउन नदिन शान्ति सुर क्षामा सचेत रहन राज्यको ध्यानाकर्षण गराए । कृशला मात्र होईन, कुनै पनि नेपाली नागरिकले स्वतन्त्रतापूर्वक हिडडुल गर्न, सुरक्षितसँग बस्न, आउजाउ गर्न,




व्यापार व्यवसाय र गबितिधि गर्न पाउने नैसर्गिक अधिकार संविधानमै व्यवस्था भएको उनले समरण गराए । त्यसको खिलाफ हुने कुनै पनि क्रियाकलापलाई आयोगले गम्भीरतापूर्वक लिने बताउँदै त्यसका लागि प्रशासन, प्रहरी, जनप्रतिनिधि र राजनीतिक दलहरु संवेदनसिल हुन आग्रह गर े ।

अधिकारकर्मी, दलका नेता, पत्रकार र नागरिक समाजले कुनै पनि खालका सामाजिक अन्यायप्रति खुलेर आवाज उठाउनुपर्ने भन्दै उनले कृशला हत्या प्रकरणमा जनताले उठाएको cfj fhn] - ***बाँकी २ पेजमा***





यहा सुपथ मुल्यमा स्वदेशी तथा बिदेशी ब्राण्डका लेडिज तथा जेन्सका जुत्ता, चप्पलहरु होलसेल मुल्यमा सप्लाई गरिन्छ। साथै विभिन्न स्कुल तथा कलेजको जुत्ताहरु समेत उपलब्ध गराईन्छ।
उदयपुर तथा छिमेकी जिल्लाहरुमा होलसेलमा बिक्री सप्लाई गरिन्छ।
न्यु हलेसी फुटवेयर सप्लार्यस। त्रिनपा ११ गाईघाट, उदयपुर।
प्रोपाइटर - सुमन कटुवाल। सम्पर्क ९८५१११०१६८।

## सम्पादकीय

# निष्पक्ष, साझा पत्रकारिताको आबश्यकता

पत्रकार र पत्रकारिताले सहि, सत्य, निष्पक्ष, बिश्वसनिय समाचार प्रकाशन, प्रशारण गर्न सक्यो भने त्यो पत्रकारिताले समाजलाई सम्बृद्धि तर्फ धकेल्न सहयोग गर्दछ । पत्रकारिता पेशामा रहेका पत्रकारहरुले पत्रकारिताको मर्म, धर्म, आचारसंहिता, निति, नियम मान्ने हो भने समाजको सबै भन्दा उपल्लो क्षेत्र पत्रकारिता बन्दछ। आज देशमा ब्यवस्थापिका, न्यायपालिका, कार्यपालिका माथि प्रश्न चिन्ह खडा भईरहेको छ। कुनै अन्याय, अत्याचार भयो भने निष्पक्ष, सत्य सुन्न, पढ्न समाजले पत्रकारलाई खोजिरहेको हुन्छ । पत्रकारहरुले नै गर्दा देशका ठूला - ठुला घटनाहरु सार्बजनिक भईरहेका हुन्छन ।

पत्रकारितामा पनि शुद्धिकरणको आबश्यकता रहेको छ । जो ब्यक्ति या जुन मिडिया हाउस पत्रकारिताको नाममा, आड भरोसामा पत्रकारिता गरेर अन्य गतिविधि गर्दछन् त्यस्ता पत्रकार या पत्रकारितालाई निरुत्साहित गर्नुपर्दछ । हो पत्रकारिता प्रचार मात्र होईन । इतिहासकार, दस्ताबेजिकरण, प्रमाण पनि हो पत्रकारिता । उदयपुर जिल्लाकै हकमा कुरा गर्ने हो भने कुन पत्रकार र पत्रिका, अनलाईन, रेडियो कसरी चलेको छ भन्ने कुरा आम पाठक, दर्शकले मुल्याङ्कन गरिरहेका छन् । पत्रकारलाई बिज्ञापन, या आर्थिक सहयोग गरेपछि मेरो बिरुद्धमा लेख्दैनन् भन्ने मानशिकताले काम गर्न छोडेको छ । पत्रकार समाचार लेख्ने माध्यम मात्र नभएर पत्रकार समाजलाई चेतना दिने माध्यम पनि हो भन्ने बुझ्ना जरुरी छ । उदयपुर जिल्लाका नागरिक समाज, बुद्धिजिवि, समाजसेवी, ब्यापार ब्याबशायी, कानुन ब्याबशायीले बुझ्नुपर्ने कुरा भनेको निष्पक्ष, सत्य, बिश्वसनिय पत्रकार र सञ्चारमाध्यमलाई जिवन्त राख्न, बचाईराख्न त्यस्ता सञ्चार माध्यमलाई बचाईराख्नुपर्दछ ।

पत्रकारिता र ब्याबशाय गर्ने दुई भिन्न पेशालाई तुलना गर्ने हो भने १० बर्ष अघि ब्यापार गरेका ब्यापारीहरुको आर्थिक स्थिती मजबुत भए भने पत्रकारिता गर्ने पत्रकारहरुको पनि यो समाजको लागि कम योगदान छैन । चाहे पत्रकारहरुले आर्थिक स्थितीनै मजबुत किन बनाएनन तर पत्रकारहरुले गरेको योगदान जिवित र अमुल्य रहेका छन्। पत्रकारिता पेशामा धेरै आए गए तर पत्रकारिता पेशा नाफा या घाटाको पेशा हुँदै होइन। घाटामा चाँहि पत्रकारिता गर्दै नगर्ने भन्ने पनि हुन्न । घाटा खाएर पत्रिका बन्द भयो भने पत्रिकानै बन्द भयो भने त्यो समाजलाई कसले दोर्याउने ? निष्पक्ष, सत्य, तथ्य पत्रकारिता गर्ने, पत्रकार, पत्रिका, सञ्चारमाध्यम यो समाजको सम्पति हो। यस्ता पत्रकार, पत्रिका, सञ्चारमाध्यमलाई बचाईराख्न यो समाजको दायित्व र कर्तब्य हो ।

# बेलकामा अक्सिजन प्लान्ट आइपुग्यो

❖ मुलुकी संवाददाता

*उदयपुर,भदौ १*

उदयपुरको बेलका नगर पालिकामा अक्सिजन प्लान्ट सोमबार आइपुगेको छ । अक्सिजनको अभावका कारण कुनै पनि कोरोना संक्रमिले आगामि दिनहरुका अकालमै मृत्यु बरण गर्नु नपरोस भन्ने उद्देश्यका साथ अक्सिजन प्लान्ट निर्माण गर्न लागिएको हो ।



दैनिक प्रतिघन्टा ११ सय ५० मिटर क्युबिक ३८ सिलिन्डर प्रतिदिन उत्पादन क्षमता रहेको अक्सिजन प्लान्ट भदौ १५ गते सम्म जडान गरि उत्पादन शुरु गरिने बेलका नगर पालिका नगर प्रमुख दुर्गा कुमार थापाले जानकारी दिनुभयो ।'अनमोल प्राण वायु, अभावमा नजाओस कसैको आयू भन्ने नारका साथ बेलका नगरपालिकाले संचालन गर्न लागेको अक्सिजन प्लान्ट निर्माणका लागि भवनको तयारी भैरहेको छ । राष्ट्रिय अबिष्कार केन्द्रले अक्सिजन प्लान्टको इस्फेसिकेशन गरि पुर्ण रुपमा प्रमाणीकरण गरेपछि मात्र पि.डि इन्जिनियरिङ प्रा.लि.लाई दोस्रो किस्ता बापतको रकम भुक्तानी दिन्छौ नगर प्रमुख थापाले बताउनुभयो । अक्सिजन संगसंगै नाइट्रोजन ग्यास समेत उत्पादन गर्ने गरि प्लान्ट स्थापना गर्न लागेको नगर प्रमुख थापाले बताए ।

नगर प्रमुख थापाका अनुसार पछिल्लो समय अक्सिजन अभावकै कारण नगर वासीहरुले समस्या झेल्दै आउनु परेकोले सिमित लगानीमा बढी मात्रामा जनमानसको सहभागितामा निर्माण गर्ने नगरको योजना बमोजिम भदौ १५ देखि उत्पादन शुरु भएसंगै अक्सिजनमा आत्मनिर्भर हुनेमा उहाँले बताए ।

# एएफसी....

भियतनाम, आयोजक ताजकिस्तान, माल्दिभ्स र अफगानिस्तान गरि चार टोली पहिला निर्णय भएअनुसार यथावत नै छन् ।

समुह सी मा उत्तर कोरियाले नाम फिर्ता लिएपछि अब छनौट खेल खेल्न आयोजक इण्डोनेशियासँगै सिंगापुर र इराक गरि तीन टोलीमात्र बाँकी रहेका छन् । समुह डी मा म्यानमार, यूएई, गुआम र आयोजक लेबनान छन् भने समुह ई मा आयोजक उज्वेकिस्तान, दक्षिण कोरिया र मंगोलिया छन् । नेपाल रहेको समुह एफ को सबै छनौट खेलपनि उज्वेकिस्तानमा नै हुनेभएको छ । समुह जी मा जोर्डन, इरान र बंगलादेश अनि अन्तिम समुह एच मा थाइल्याण्ड, आयोजक प्यालेस्टाइन र मलेशिया रहेका छन् ।

त्यसैगरि सी डिभिजन लिगमा छनौट हुनको लागि छनौट खेल्न देशैभरबाट ७९ वटा क्लबले अखिल नेपाल फुटबल संघ एन्फामा निवेदन दिएका छन् । नेपाली फुटबलमा देखिएको क्रेज पुष्टि हुनलाई यो घटना नै प्रमाण भएको छ। छनौट खेल्नको लागि एन्फाले भदौ मसान्तसम्म ईच्छुक क्लबहरुलाई समय दिएको थियो । छनौट खेल यहि भदौ १० गत्तेबाट हुनेछ र तीन टोलीमात्र छनौट हुनेछ। तर छनौट खेलको टाइशिट अर्थात खेल तालिका र समय एन्फा कम्प्लेक्स सातदोबाटोमा यहि शुक्रबार हुने भएको छ ।









# बिके किराना पसल



३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि ग्राहकहरुको सेवामा समर्षित । गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल । गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर सँगै, उदयपुर ।

*प्रोपाइटर* - भरत चामलिङ राई



# सगरमाथा डिपाटमेन्ट स्टोर

## गाईघाट, उदयपुर

सबै घरायसी दैनिक उपभोग्य सामानहरु, लुगा कपडाहरु, विद्युतीय सामानहरु गाईघाटमा एकै ठाउँमा पाईने सगरमाथा डिपाटमेन्ट स्टोर, गाईघाट लोकतान्त्रिक पिपलचोक, उदयपुर





प्रोपाइटर - किरण चामलिङ राई



त्रियुगा नगरपालिकाका नगर प्रहरीले गाईघाट बजार क्षेत्रमा आफ्नो सक्रियता बढाए सँगै अहिले गाईघाट बजार क्षेत्र ब्यबस्थित भएको छ। तस्बिर - मुलुकी

# कार्यकाल....









सम्पन्न निर्बाचनले २०७६ साल असार १७ गते कार्यसमितिको कार्यकाल सकिएको हो । कार्यकाल सकिएपनि कोरोना महामारीको कारण समितिले दुई बर्षसम्म पटक - पटक समय थप गर्दै कार्यकाल लम्बाएको थियो । पछिल्लो समय कार्यसमितिको पूर्ण बैठकले २०७७ साल साउन २९ गते कार्यसमितिको पुर्ण बैठकले थप एक बर्ष २०७८ साल साउन मसान्तसम्मको लागि कार्यकाल थप गरिएको थियो । पछिल्लो समय असार अन्तिममा बाणिज्य संघमा आएको बिबाद सँगै कार्यसमितिको बैठक बसेर समय थप गर्न नसक्को कारण कार्यसमिति बिहिन हुँदा त्रियुगा उद्योग बाणिज्य संघ नेतृत्व बिहिन बनेको हो। त्रियुगा उद्योग बाणिज्य संघ उदयपुरका कार्यालय प्रमुख कार्यालय सचिब डिल्लीप्रसाद उप्रेतीले भाद्र १ गते मंगलबार दिउँसो १ बजे बाणिज्य संघको आफ्नै कार्यालयमा सुचना टाँस गरी कार्यसमितिको कार्यकाल सकिएको सुचना टाँसेर जानाकारी गराएको थियो । कार्यालय प्रमुख उप्रेतीका अनुसार अब संघको बिधान अनुसार काम कारबाही अघि बढ्ने जानाकारी दिए ।

# त्रियुगा....

गर्नेहरुले व्यापारीहरु र घरवालाहरुले नक्कली कागजात बनाइ बाहाल तिर्दा एक करोड कमि घरवाला कर संकलन भएको राजस्व शाखा प्रमुख ढकालले हाल त्रियुगा नगरपालिकाले बार्षिक ३५ लाख घरबाहाल कर संकलन गरिरहेको बताए । व्यापारी र घरवालाहरुले घरबाहार कर तिर्ने हो भने बार्षिक डेड देखि दुई करोड राजस्व संकलन गर्न सकिने ढकालको आकलन छ । अहिले त्रियुगा नगरपालिकामा ३ जना कर्मचारीले राजस्व संकलन गरिरहेका छन् ।

त्रियुगा नगरपालिकाका राजस्व शाखा प्रमुख नायवसुब्बा गुरु प्रशाद ढकालले व्यावसकय कर घरबाहार कर संकलन गरिरहेका छन् भने अर्को दुई खरिदार तहाका विरबहादुर दनुवार र खग कुमारी कटेलले सम्पति कर लिने गर्दछन् । नगरपालिकामा दुई विभागमा सम्पतिको तर्फ बार्षिक ५० सैयाँ देखि ७० हजार सम्म कर तिर्छन् । त्यस्तै उदयपुर सिमेन्टले बार्षिक ७ लाख १४ हजार तिर्ने गरेका छन् ।

त्रियुगा नगरपालिकामा साउन भदौ दुई महिना बढि नै चाप हुने गरेको छ । अन्य महिना ५० देखि म ६० जना सम्म सम्पति कर तिर्ने सेवा ग्राही आउने गरेका कारण कर शाखामा भिड लाग्ने गरेको छ ।

राजस्व शाख प्रमुख ढकालका अनुसार अहिले साउन भदौ र असोज ३ महिनामा राजस्व तिर्दा १० प्रतिशत छुट भएका कारपले पनि सेवा ग्राहिहरु बढि आउने गरेको उनको भनाई छ । आर्थिक बर्ष २०७७-७८ मा नगरपालीकाले आन्तरीक आम्दानी ११ करोड संकलन गरेको ढकालले बताए । बाषिक घर भाडाको १० प्रतिशत घरभाडा कर तिर्नु पर्ने व्यावस्था छ । नगरपालीकाले जनप्रतिनीधी र सरकार निकायको सयुक्त पहलमा कडाईका साथ घरभाडा सुल्क संकलन गर्ने नगरपालीकाले जनाएको छ ।







प्रोपाईटर - प्रविण बस्नेत
होमडेलिभरीको लागि
सम्पर्क - ९८४४०५०२७५



| | |
|---|---|
| चिकेन म:म:............... | १०० |
| चिकेन फ्राई म:म: ...... | .१२० |
| चिकेन सी म:म:............ | १५० |
| चिकेन चाउमिन ......... | ..१५० |
| अण्डा चाउमिन............ | ..१०० |
| भेज चाउमिन.............. | ७० |
| भटमास चिउरा सादेको.. | .६० |
| चिकेन रोष्ट................. | ९० |
| चिकेन रोष्ट खाजा सेट.. | १५० |
| चिकेन सादेको................ | ३०० |
| चिकेन चिल्लि ................. | ३०० |
| चिकेन पकौडा.................. | ३०० |
| चिकेन फ्राई.................. .. | २०० |
| भेज पकौडा.................... | १०० |
| मटन पक्कु...................... | ४०० |
| पक्कु खाजा सेट ............ | ४३० |
| मटन भुटन..................... | ३०० |
| मटन भुटन खाजा सेट.... | ३३० |
| कोल्ड्रिंस पर ग्लास........ | .५० |
| हुक्का पर फेस............... | ३०० |




## सानुमाया फर्निचर उद्योग









प्रोपाईटर
कैलाश खत्री

सानुमाया फर्निचर उद्योग
त्रियुगा नगरपालिका ११, गाईघाट, उदयपुर। सम्पर्क - ९८४२९८५१८८

# एएफसी महिला छनौटको मिति तोकियो

❖ बिबेक राई

***गाईघाट, भदौ १***

एशियाली फुटबल महासंघ (एएफसी) ले एएफसी महिला एशियन कप छनौटको मिति र स्थान तोकेको छ । यसअघि एएफसीले आयोजकस्थल उज्वेकिस्तान भनेर आयोजना गर्ने देशको नाममात्र तोकेको थियो । तर एएफसीले मंगलबार छनौट खेलहरु हुने निश्चित स्थान र मिति नै तोकिदिएको छ । अब छनौट खेलहरु उज्वेकिस्तानको राजधानी तास्केन्टस्थीत जार रंगशालामा हुनेछ । छनौटको खेलको मिति भने यहि सेप्टेम्बर १८ देखि २४ सम्म हुने भएको छ ।

छनौटको लागि नेपालसँगै फिलिपिन्स र हङकङ समुह एफमा परेका छन् । नेपालले पहिलो खेल सेप्टेम्बर १८ तारिखमा फिलिपिन्ससँग खेल्नेछ । त्यसपछि सेप्टेम्बर २१ मा नेपालले दोस्रो तथा अन्तिम खेलको रुपमा हङकङसँग प्रतिस्पर्धा गर्नेछ । हङकङ र फिलिपिनसले भने सेप्टेम्बर २४ मा एकअर्कासँग प्रतिस्पर्धा गर्नेछ । त्यसपछि समुहको विजेताले अर्को वर्ष भारतमा हुने एएफसी महिला एशियन कप खेल्नु पाउनेछ । एएफसी महिला एशियन कप भारतमा २०२२ जनवरी २० देखि फेब्रुअरी ६ सम्म हुने तालिका छ ।

एएफसीले सुरुमा नेपाललाई सशर्त समुह एफ को छनौट खेलको आयोजना गर्नु दिने अर्थात अन्य केहि परिवर्तन नभएमा छनौट खेल खेलाउनु दिने बताएको थियो । त्यसको लागि नेपालले पनि तयारि गरेको थियो । तर पछि नेपालमा कोरोना प्रभाव बढ्दै गएको र अन्य देशले पनि कोरोनाको जोखिममा कडा नियम ल्याउँदै बाहिरि देश भ्रमणमा रोक लाउनु सक्ने भएकोले एएफसीले पछि तटस्थ मैदानको रुपमा छनौट खेल उज्वेकिस्तानमा गराउने निर्णय गरेको थियो ।

आउँदो महिला एशियन कपको लागि आयोजक भएको नाताले भारत स्वत: छनौट भएको छ । पछिल्लोपटकको संस्करणमा राम्रो प्रदर्शन गरेको र त्यतिबेला शिर्ष तीनभित्र पर्न सफल भएकाले जापान, अष्ट्रेलिया र चीन पनि स्वत: भएको छ । प्रतियोगितामा कुल १२ टोलीको प्रतिस्पर्धा हुने गर्दछ । सुरुमा यी चार टोलीको टुंगो लागिसकेपछि अब बाँकी रहेका आठ टोली चाँहि छनौटमार्फत आउनेछन् । जसमा छनौटको लागि आठ समुहबाट समुहमा शिर्षस्थान हाँसिल गर्ने आठ टोलीले मात्र अन्तिम चरणमा स्थान बनाउने छन् ।

छनौटको लागि सुरुमा आठ समुहमा भाग लगाउँदा समुह ए देखि डि सम्म चारचार टोली र समुह ई देखि एच सम्म तीनतीन टोली गरेर भाग लगाइएको थियो । तर कोरोना महामारीका बीचमा तुर्कमेनिस्तानले छनौट खेल्न टोलीलाई चाइनीज ताइपेइ नपठाउने भएपछि अहिले समुह ए मा बहराइन र लाओस गरि तीन टोलीमात्र भएका छन् । समुह बी मा भने ***– बाँकी २ पेजमा***



कहिले बन्ला प्याराफिट ? त्रियुगा नगरपालिका १३ पुरानो गाईघाट उदयपुरमा रहेको थरुहट रंगशालाको प्याराफिट निर्माण नसकिदै निर्माण कम्पनीले काम छोडेपछि अलपत्र अवस्थामा रहेको छ । तस्बिर - बुद्धि

## क्रिशला....

आयोगको ध्यान खिचेको बताए । प्रारम्भिक हत्यारा पत्ता लगाएको प्रहरीले सुक्ष्म अनुसन्धान गरेर वास्तविक अपराधी हो होईन भन्ने यकिन गरेर कानुनी कारबाही गर्न उनको आग्रह छ । कृशला हत्या प्रकरणमा पीडितपक्षलाई न्याय दिलाउन आवाज उठाउने महिला, युवा, विद्यार्थी, पत्रकार, अधिकारकर्मी र राजनीतिक दलहरुप्रति अध्यक्ष मगरले धन्यबाद दिएका छन् । उनले आगामी दिनमा यस्ता घट्ना दोहोरिन नदिन सबैसँग आग्रह गर्दै यस्ता कुनै पनि असामाजिक घट्नाविरुद्ध आवाज उठाईरहन आग्रह गरेका छन् ।

प्रमुख जिल्ला अधिकारी तुलसीराम सेंढाईले आयोग अध्यक्ष सहितको टोली आएर घट्नाबारे बुझ्ने काम भएको बताए । उनले हत्यारा पत्ता लागिसकेकाले कारबाही प्रक्रिया अघि बढाईसकिएको जानकारी दिए । प्रहरी प्रमुख एसपी सुभासचन्द्र बोहराले अपराधी पत्ता लागिसकेकाले आयोगको काम सकिएको बताए । 'हत्यारा पत्ता लागेन भनेर अध्यक्ष मगरसहित आयोगको टोली जिल्ला आएको रेह्छ' एसपी बोहराले भने 'मंगलबार नै हामीले अपराधी सार्वजनिक गरिदिएपछि उहाँहरु फर्कनु भयो होला ।'





यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ । स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४





प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण : लक्ष्मी अफसेटप्रेस, गाईघाट